# १२ पवित्र आत्माको काम

***यस अध्यायका मूल पदहरू:*** यूहन्ना १६:८-११, रोमी ५:१०, हिब्रू ४:१५,१६, १ पत्रुस ५:८,९, १ यूहन्ना ५:१२,१३ र भजन ३१:२४।

***यस अध्यायको कण्ठ गर्नुपर्ने मूल पद:*** "जुन परमेश्वरले आशा दिनुहुन्छ उहाँले तिमीहरूमा अति आनन्दले भरिदिउन्। जब तिमीहरूले उहाँमाथि भरोसा राख्दछौ तिमीहरूमा शिघ्र शान्त होस्। पवित्र आत्माको शक्तिले तिमीहरूमा आशाले भरिदिउन्।" (रोमी १५:१३ रूपान्तरित)।

पवित्र आत्मा र आत्मिक जीवन बिताउने बारेमा अध्ययन गर्न लेखिएको यो पुस्तकको अन्तमा हामी आइपुगेका छौं। यस अन्तिम अध्यायमा पवित्र आत्माले गर्नुहुने अर्को एक महत्त्वपूर्ण कामको बारेमा चर्चा गर्नेछौं। उहाँको यो काममा अझसम्म हामीहरूको ध्यान पुगेको छैन।

येशूले आफ्ना चेलाहरूलाई आफू पिताकहाँ जानेकुराको जानकारी दिनुभएको थियो। उहाँले तिनीहरूलाई पवित्र आत्मा पठाउने बाचा गर्नुभएको थियोः "पिताले तिमीहरूलाई सहयोग गर्न मेरो नाउँमा मित्रलाई पठाउनुहुनेछ। त्यो मित्र पवित्र आत्मा हो। उहाँले तिमीहरूलाई सबै थोक सिकाउनुहुनेछ। मैले तिमीहरूलाई जे जे कुराहरू भनें त्यो तिमीहरूलाई याद दिलाउनेछ।" (यूहन्ना १४:२६ रूपान्तरित)।

पवित्र आत्मालाई ग्रीक भाषामा सम्बोधन गरिएको पाराक्लेटोस् (parakletos) हो। त्यसको अर्थ "सहयोगी" वा "सान्त्वना दिने" वा "मध्यस्थकर्ता" हो। अर्को शब्दमा भन्ने हो भने उहाँ हामीहरूको लागि काम गर्नुहुन्छ। फेरि त्यसैवखत उक्त मध्यस्थकर्ताले गर्ने कामको पनि घोषणा गर्नुभएको थियो। पवित्र आत्माले यो "प्रमाणित गर्नुहुनेछ कि संसारका मानिसहरू दोषी छन्। तिनीहरूको पाप, अधर्मी जीवन र तिनीहरूले पाउने न्यायको बारेमा औंल्याउँदै तिनीहरू दोषी ठहरिएको प्रमाणित गर्नुहुनेछन्।"(यूहन्ना १६:८ रूपान्तरित)।

यस अन्तिम अध्यायमा पवित्र आत्माको यस विशेष कामलाई बिस्तारित रूपमा अध्ययन गर्नेछौं। पवित्र आत्माको यस विशेष कामसँग हामीहरूको लागि गरिने कामको दुई अर्को महत्त्वपूर्ण भागसँग सम्बधित

क्रियाकलापको बारेमा सिक्नेछौं। येशू ख्रीष्टमा भएको हामीहरूको मुक्ति निश्चित छ भन्ने आशासँग उहाँको काम कसरी जोडिएको छ भन्ने हामी सिक्नेछौं। साथै पवित्र आत्माको त्यस बिशेष कामसँग येशूको महिमित आगमनको आशा पनि कसरी जोडिएको छ सो हामी सिक्नेछौं। येशूको छिट्टो आगमन हामीहरूको महान् आशा हो। यसले हामीहरूको आध्यात्मिक जीवनलाई बल पुऱ्याउँछ।

## १ पापको प्रमाणित गर्ने (यूहन्ना १६:८,९)

हामीहरूको निम्ति पवित्र आत्माले गर्नुहुने बिशेष काम के हुन् भनेर यूहन्ना १६:८,९ले कसरी बताइएको छ? त्यो काम किन अत्यन्त महत्त्वपूर्ण छ? हेर्नुहोसः "७ तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ। किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन। तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु। ८ अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ।९ पापको विषयमा, किनभने तिनीहरू ममाथि विश्वास गर्दैनन्।"

येशूले पवित्र आत्मालाई पाराक्लेट (paraklete) भनेर सम्बोधन गर्नुभएको थियो। यो शब्दमा अत्यन्त गहिरो अर्थ छ। सहयोग गर्ने, पैरबी वा सहजकर्ता र होशला अर्थात् सान्त्वना दिने भनेर उपर्युक्त शब्दले जनाउँछ। हामीले के गल्ती काम गऱ्यौं र त्यसलाई कसरी सच्याउने भनेर बुझाउन पवित्र आत्माले सहयोग गर्नुहुन्छ। तर उहाँ हामीलाई दोष वा आरोप लगाउने

व्यक्ति होइन। हामीलाई दोष दिन येशूले पवित्र आत्मालाई पठाउनुभएको होइन। बरू हामीलाई अनुग्रहको आवश्यकता भएको थाहा दिन येशूले पवित्र आत्मालाई पठाउनुभएको हो।

हौशला वा सान्त्वना दिने खुबी हामीमा हुनु धेरै असल कुरो हो। तर सान्त्वना दिने व्यक्तिले सहयोग पनि गर्नुपर्छ। यो दुःखलाग्दो कुरो हो की कतिपय इसाईहरूले हामीहरूलाई सहयोग गर्नुभन्दा दोष लगाउने मनस्थिति बोकेको हुन्छ। अरू मानिसहरूको जीवनको पापहरूलाई औल्याउँदै हामी हिँड्नुहुन्न। त्यो काम गर्न येशूले हामीलाई खटाउनुभएको होइन। आखिरमा हामी को हौं र, अरूलाई तिनीहरूको पाप औँल्याउने काममा लाग्न? हामी आफै पनि पापी हौं।

रोमी २:१ र मत्ती ७:१-४बाट हामीले के सन्देश सिक्नुपर्छ? हेर्नुहोस्: रोमी २:१ " यसकारण अर्कालाई दोष लाउने ए मानिस, तिमी जोसुकै भए तापनि, केही बहाना छैन, किनकि जेमा तिमी अर्कालाई दोष लगाउँछौ, त्यसैमा आफै पनि दोषी ठहरिनेछौ, किनभने तिमी दोष लाउनेले पनि त्यही काम गर्छौ।" र मत्ती ७:१-४ " १ "अरूलाई दोषी नठहराओ, र तिमीहरू पनि दोषी ठहराइनेछैनौ। २ किनभने जसरी तिमीहरू अरूहरूलाई दोषी ठहराउँछौ, त्यसरी नै तिमीहरू पनि दोषी ठहराइनेछौ। जुन नापले तिमीहरू नाप्तछौ, त्यसै गरी तिमीहरूका निम्ति पनि नापिनेछ। ३ "किन तिमी आफ्नो भाइको आँखामा भएको धूलोको कण देख्तछौ, तर तिम्रो आफ्नै आँखामा भएको मूढ़ाचाहिँ थाहा पाउँदैनौ? ४ अथवा तिम्रो आफ्नै आँखामा मूढ़ा छ भने कसरी तिमी तिम्रो भाइलाई भन्न सक्छौ, 'मलाई तिम्रो आँखाबाट धूलोको कण निकाल्न देऊ।"

हामीहरू परमेश्वरका साक्षी हौं। अरूलाई आरोप लगाउन वा अरूको न्याय गर्न हामीलाई खटाइएको छैन। येशूले हामीहरूलाई कसरी मुक्ति दिनुहुन्छ सो सुनाउने काम हाम्रो हो। अरूहरूको गल्तीलाई दोषी सावित गर्न हामीलाई बोलाइएको होइन। को पापी हो को पापी होइन भनेर औंल्याउने काम पवित्र आत्माको हो।

संसारका मानिसहरू पापी हुन् भनेर प्रमाणित गर्ने काम पवित्र आत्माको हो, हाम्रो होइन (यूहन्ना १६:८)। उहाँले नै तिनीहरूको पापलाई देखाउनुहुन्छ। जसले आफ्नो जीवन येशूलाई दिइएको छैन उसलाई साँच्चिक्कै पाप भनेको के हो सो थाहा हुँदैन। पाप कतिको विध्वंसात्मक छ भनेर तिनीहरूलाई थाहा छैन।

कुन कुन पापहरूको शूची पवित्र आत्माले बनाउनुहुन्छ भनेर ती पदहरूले बताएको छैन। बरू, उहाँ सबै पापको जडमा उहाँ गएर पापलाई देखाउनुहुन्छः त्यो हो येशूलाई विश्वास नगर्ने पाप (यूहन्ना १६:९)। भित्रि हृदयमा हामीहरू किन असंतुष्टी वा दिक्क छौं र एक्लोपना भएको महसुस गर्छौं भनेर हामी अचम्म मान्छौं होला। हामीहरूको अशिद्ध चरित्रले हामीलाई दुःखी मानिस बनाउने होइन। तर हामीहरूको बिबेकमा बोलिरहनुभएको पवित्र आत्माको आवाजलाई दवाइराख्दा हामी चञ्चल र असंतुष्टीको भुमरीमा पर्छौं। त्यस कहालीलाग्दो स्थितिबाट राहत दिन परमेश्वरले हामीलाई पवित्र आत्मा पठाउनुभएको हो।

येशूलाई विश्वास नगर्नु नै सबै पापहरूको जड हो। सबै पापहरूको समस्या त्यही हो। हामीहरूको पाप र हामीमा भएको दोषबाट हामीलाई मुक्ति

दिने केवल येशूमात्र हुनुहुन्छ। त्यसकारण उहाँलाई वा उहाँको पवित्र आत्मालाई हामीले अस्वीकार गर्नुहुन्न। येशू र उहाँको आत्मालाई इन्कार गर्नु पाप हो। त्यस पापले हामीहरूको केन्द्रविन्दु हामीहरूलाई नै राख्दछ। यसले परमेश्वरको वचन बाइबललाई विश्वास गर्न अस्वीकार गर्दछ। केवल पवित्र आत्माले मात्र हामीहरू पापबाट फर्किनु पर्छ भन्ने आवश्यकतालाई औँल्याउन हामीहरूका हृदयहरू र दिमागहरू खोलिदिनुहुन्छ। हामीहरूको निम्ति मर्नुभएको येशू ख्रीष्टमा भएको मुक्तिलाई ग्रहण गराउनेतिर डोऱ्याउन केवल पवित्र आत्मामात्र सक्षम हुनुहुन्छ।

## २. पवित्र हुनुको आवश्यकता (रोमी ५:१०)

यूहन्ना १६:८मा पवित्र आत्माले संसारका मानिसहरूलाई तिनीहरूको पाप, तिनीहरूको धार्मिक जीवन र तिनीहरूले गर्ने न्यायको बारेमा औँल्याउँदै तिनीहरू कसरी दोषी भएका छन् भनेर प्रमाणित गर्नेछन् भनेर येशूले भन्नुभएको थियो (रूपान्तरित)। पवित्र, शिद्ध र सन्त हुनु भनेको यथार्थमा के हो तिनीहरूलाई थाहा नभएको कुरा पवित्र आत्माले देखाउनुहुनेछ रे! त्यो किनभने संसारलाई पाप भनेको के हो वास्तविक रूपमा थाहा छैन। त्यसकारण तिनीहरूलाई सही रूपमा पवित्र जीवन बिताउनु भनेको के हो वा पवित्र हुनु भनेको के हो सो तिनीहरूलाई थाहा छैन।

जुन मानिसहरूले आफ्नो जीवन येशू ख्रीष्टलाई सुम्पिएको छैन तिनीहरूले आफू असल भएको र असल काम अर्थात् धर्मकर्म गर्दा मूक्ति पाउँछ भन्ने मनस्थितिमा लागेको हुन्छ। तिनीहरूले परमेश्वरले कोर्नुभएको पवित्रताको खाकामा रहन चाहँदैनन्। तिनीहरूको बाहिरि धर्मकर्मबाट असल हुन चाहन्छ। कतिपयले दश आज्ञालाई पालन गर्दा मुक्ति पाइहाल्छ भनेर पनि दावी गर्छन्। तर येशूलाई विश्वास नगरि र उहाँको शक्तिलाई अनुभव नगरि केवल दश आज्ञाको व्यवस्थालाईमात्र पालन गर्दा कोही मानिस परमेश्वरको नजरमा निष्कलङ्क वा सफा हुनसक्दैन।

मानिसहरूले गर्ने असल काम, उदार काम, परोपकारी काम, धर्मकर्मको चिरफार गर्दै यशैया ६४:६ले अगमवक्ता यशैयाले भन्दछन् कि तिनीहरूको काम फोहरी थाङ्नामात्रै हुन्। भनाईको अर्थ हामी जतिसुकै भयङ्कर असल काम गरेर देखाएतापनि त्यसले हामीलाई मुक्ति दिँदैन।

तर केवल येशूको पवित्रता नै हामीहरूलाई मुक्ति दिन यथेष्ट छ। परमेश्वरको व्यवस्था वा दश आज्ञाले दावी गरेका सबै दावीहरूलाई येशूले नै

संतुष्ट पार्नुभएको छ। येशूको त्यस पवित्रताले परमेश्वरलाई हामीहरूको पिता भनेर सम्बोधन गराउँछ। र येशूलाई केवल विश्वास गरेको आधारमा उहाँको पवित्रतालाई हामीले पनि दावी गर्न सक्छौं।

स्वर्गमा परमेश्वर पिताको सामु येशूले जे काम गरिरहनुभएको छ त्यससँग ख्रीष्टले हामीहरूलाई दिने पवित्रता अर्थात् धार्मिकता गाँसिएको हुन्छ भनेर देहायका पदहरूले कसरी बताउँछ? हेर्नुहोस, रोमी ५:९-११ "९ यसकारण उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढ़ी हामी परमेश्वरको क्रोधबाट उहाँद्वारा बचाइनेछौं। १० किनकि हामी शत्रु छँदै उहाँका पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो भने, झन् बढ़ी अब उहाँसँगै मिलाप भएका हुनाले ख्रीष्टको जीवनद्वारा हामी बचाइनेछौं। ११ यति मात्र होइन, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरमा हामी रमाउँदै पनि छौं, उहाँद्वारा अब हामीलाई परमेश्वरसँग मिलाप प्राप्त भएको छ।" र हिब्रू ४:१५,१६ "१५ किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो। १६ यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं।"

हो, पवित्र हुने वा धार्मिकताको बाटोमा चल्ने परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूको माग हो। येशूको शिद्ध जीवनले त्यो मागलाई संतुष्ट पारिएको छ। हामीहरूको सट्टामा उहाँ मर्नुभयो। यस पृथ्वीमा उहाँलाई क्रुसमा टँगाएर मार्नुभयो। जुन मानिसहरूले उहाँलाई मारे तिनीहरूले उहाँलाई ग्रहण गर्न अस्वीकार गरेका थिए। तर परमेश्वर पिताले येशूलाई स्वर्गमा स्वागत गर्नुभएको थियो। येशूलाई मृत्युबाट पुनरुत्थान गर्नुभएको थियो। मृत्युबाट येशूलाई बिउँताउनुभएकोले उहाँले सत्य सही जीवन बिताउनुभएको थियो भनेर परमेश्वरले अनुमोदन गर्नुभएको थियो। त्यसको अर्थ हामीलाई मुक्ति दिन जुन का येशूले गर्नुभयो त्यो काम उहाँले स्वीकार गर्नुभयो भनेर परमेश्वरले देखाउनुभएको थियो। अहिले परमेश्वर पिता र हाम्रो बीचमा येशूले सहजकर्ता, पैरवी वा वकालत गरिरहनुभएको छ। जब हामीले उहाँलाई विश्वास गर्छौं वा उहाँमाथि आस्था राखेर उहाँको चाहना अनुसार चल्छौं तब हामीहरूको फोहरी थाङ्ना कपडा जस्ता धर्मकर्म असल कामका लुगाहरूको सट्टामा उहाँको पवित्र जीवनरूपी पोशाकले हामीलाई पहिर्‍याउनुहुन्छ। त्यो काम उहाँले किन

गर्नभयो भन्दा हामीहरूको कुनै असल काम वा धर्मकर्मको कामले हामीलाई मुक्ति दिँदैन।

त्यसकारण हामी जिउन सक्छौं किनभने हामीमा येशू रहनुहुन्छ। प्रेरित पावलले भावुक भएर यो भावना व्यक्त गर्दछन्: "म ख्रीष्टसँग क्रुसमा टाँगिएको छु। म अब जिइरहेको छैन। ख्रीष्ट ममा रहनुहुन्छ। परमेश्वरको पुत्रमाथिको विश्वासले गर्दा मेरो शरीरमा म जिइरहेको छु। उहाँले मलाई प्रेम गर्नुहुन्छ। मेरो निम्ति उहाँले आफैलाई सुम्पिदिनुभयो।" (गलाती २:२० रूपान्तरित)। जब येशू हामीहरूमा रहनुहुन्छ तब हामी पवित्र आत्माद्वारा जिउँदछौं वा हिँड्दछौं (रोमी ८:४)। अनि पवित्र आत्माको शक्तिले हामी नयाँ आत्मिक जीवन पाउँदछौं (गलाती ३:२-५, गलाती ५:१६,१८)।

परमेश्वर पिताले उहाँको महिमा येशूलाई दिनुभएको थियो। हामीलाई मुक्ति दिन येशूको मृत्यु नै पर्याप्त छ भनेर उहाँले देखाउनुभएको छ। शैतानले लगाउने हामीहरूको बिरुद्धमा झुटो आरोपहरूबाट येशूको नाउँबाट हामी सफाइ पाएका छौं भनेर पवित्र आत्माको बरदानले प्रमाणित गर्दछ। कसैले पनि परमेश्वरको व्यवस्थालाई पालन गर्न सक्दैन भनेर शैतानले दावी गरेको थियो। तर येशू मानिसको रूप लिएर आउनुभयो र परमेश्वरको व्यवस्था वा दश आज्ञालाई शिद्धरूपमा पालन गर्नुभयो। अब उहाँको पवित्र आत्माद्वारा उहाँकै आत्माको त्यही शक्ति उहाँको भक्तहरूलाई दिनुहुन्छ जसले गर्दा परमेश्वरको व्यवस्था वा दश आज्ञालाई शिरोपर गर्न सक्षम् हुन्छ र पवित्र जीवन बिताउन सक्दछन्।

तपाईंको आफ्नो असल काम कतिको फोहरी रहेछ भनेर के तपाईंले अनुभव गर्नुभएको छ? तपाईंको जीवनमा येशू ख्रीष्टको पवित्रताको खाँचो छ भनेर त्यसले तपाईंलाई कसरी सिकाएको छ?

## ३. क्रुसमा शैतानको भविष्य निर्धारण भएको थियो वा उसको न्याय भएको थियो (यूहन्ना १६:८,११)

येशूले न्यायको बारेमा यूहन्ना १६:८-११मा चर्चा गर्नुभएको थियो। ती पदहरूमा कुन न्यायको बारेमा उहाँले भनिरहनुभएको थियो? त्यो न्याय किन असल समाचार हो? हेर्नुहोस्: "८ अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ। ९ पापको विषयमा, किनभने तिनीहरू ममाथि विश्वास गर्दैनन्, १० धार्मिकताको विषयमा, किनभने म पिताकहाँ जान्छु, र तिमीहरू मलाई फेरि देख्नेछैनौ। ११ र

न्यायको विषयमा, किनभने यस संसारको शासकलाई दण्डाज्ञा भइसकेको छ।" र यूहन्ना १२:४८ "मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एक जना न्यायाधीश छन्। जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ।" भनेर येशूले चर्चा गर्नुभएको थियो। भविष्यमा न्याय हुने कुरामा स्पष्ट भएको येशूले बताउनुभएको थियो। तर यूहन्ना १६:११मा भविष्यमा हुने न्यायको बारेमा चर्चा गरिरहनुभएको होइन किनभने जुन शब्दहरू प्रयोग गर्नुभएको थियो ती शब्दहरूले नै स्पष्टसँग देखाउँछ। तर येशूले भनिरहनुभएको न्याय त हामीहरूको निम्ति सुसमाचार थियो किनकि त्यो सुसमाचारको भाग यो थियो कि येशू क्रुसमा टाँगिनु हुँदा शैतानको बारेमा फैसला भइसकेको देखाइएको थियो। सत्यको महान् शत्रु शैतान हो। अहिले शैतान सापटी समयमा बिताइरहेको छ। उसको लागि निर्णायक न्याय हुनेछ। तर यस पृथ्वीको राजकुमार (शैतान) अब दोषी भइसकेको भनेर उपरोक्त पदले बताउँछ (यूहन्ना १२:३१)।

पत्रुसले पनि शैतानको बारेमा १ पत्रुस ५:८,९मा व्याख्या गर्दछन्। शैतानसँग हामीले कसरी मुकाविला गर्ने भनेर ती पदहरूले कसरी बताउँछन्? हेर्नुहोस्, "८ सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहाँलू भनी गर्जने सिंहझैं खोजिहिँड्छ। ९ विश्वासमा दह्रिला भएर त्यसको विरोध गर, किनकि संसारभरि नै तिमीहरूका दाजुभाइहरूले पनि यस्तै कष्टको अनुभव गरिरहनुपरेको छ।"

शैतानलाई थाहा छ कि उसको समय थोरै छ। कलभरीमा ऊ हारिसकेको छ भनेर उसलाई थाहा छ। तर ऊ अझै जिउँदैछ। ऊ रिसले असाध्ये मात्तिएको छ। जतिसक्यो त्यति येशूका भक्तहरूलाई नाश गर्न ऊ चाहिरहेको छ। तर ऊ हारिसकेको शत्रु हो। येशूले कलभरीमा शैतानसँगको लडाइँ जित्नुभएको थियो। जब येशूको रगतले हामीहरूलाई राहत दिन्छ वा मुक्ति दिन्छ तब शैतान शक्तिहिन भएको देखाउँछ।

इतिहासबाट एक उदाहरण लिन सक्छौं। हामीलाई सत्यानास गर्न शैतानले कस्तो भरमग्दूर प्रयास गर्छ भन्ने एक उदाहरण छ। दोस्रो विश्वयुद्धमा युरोप र अमेरिकाको मिलिजुली शैनिकले हिटलरले कब्जा गरेको फ्रान्समाथि जुन ६, १९४४मा हमला गरेका थिए। जर्मनको शासक हिटलर जसले फ्रान्समा कब्जा जमाइरहेको थियो उसलाई थाहा थियो कि ऊ विश्व युद्ध हार्दैछ। तर उसको सैनिक नाजीहरूले एघार महिनासम्म त्यस मिलिजुली सैनिकसँग युद्ध गरिरहे जब सम्म विश्व युद्ध अन्त्य भएन। र ती एघार

महिनाको युद्ध अत्यन्त रक्तालु युद्ध थियो। त्यसैगरि शैतानलाई थाहा थियो् कि क्रुसमा उसको युद्ध पूरारूपमा हारिसकेको छ। तर उसले हतपत आत्मसमर्पण गर्दैन। उसले अझै पनि परमेश्वरका जनहरूसँग लडाईँ गरिरहेको छ र जतिसक्यो त्यति नाश गर्न चाहन्छ।

निःसन्देह, हामी कठिन समयमा बाँचिरहेका छौं। हामीहरूको आत्मिक जीवनमा आइरहने धम्किदेखि सचेत रहन हामीहरूलाई पत्रुसले आह्वान गर्दछन्। अर्को अर्थमा भन्ने हो भने हामी पूरा जागेर बस्नुपर्छ। तर हामीहरूको सबै भय, चिन्ताफिक्री येशूमा राख्न सक्छौं। उहाँले हामीलाई वास्ता गर्नुहुन्छ भनेर पत्रुसले १ पत्रुस ५:७,८मा यसरी बताउँछन्, "७ तिमीहरूका सारा फिक्री उहाँलाई सुम्पिदेओ, किनकि उहाँले तिमीहरूको वास्ता गर्नुहुन्छ। ८ सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहाँलू भनी गर्जने सिंहझैं खोजिहिँड्छ।"

असलीरूपमा न्याय किन हामीहरूको निम्ति सुसमाचार हो? न्यायको दिनमा हामीलाई कसले विश्वस्त बनाउनुहुन्छ? न्यायको दिनको बारेमा अरूलाई हामी कसरी सुनाउन सक्छौं जसले गर्दा तिनीहरूलाई डर भन्दा आशामा पारिदिन्छ?

## ४. ख्रीष्टमा रहिरहनु (१ यूहन्ना ५:१२,१३)

येशू ख्रीष्टलाई हामीहरूको मुक्तिदाता भनेर पहिले हामीले स्वीकार गर्नुपर्छ भनेर बाइबलले बताउँछ। अनि हामीहरूलाई अनन्त जीवनको प्रतिज्ञा हाम्रो निम्ति हो भनेर त्यसमाथि विश्वास राख्न सक्छौं। देहायका पदहरूले अनन्त जीवनको प्रतिज्ञालाई किन विश्वास गर्न सक्छौं भनेर कसरी देखाउँदछन्? हेर्नुहोस्, १ यूहन्ना ५:१२,१३ "११ गवाहीचाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँका पुत्रमा छ। १२ जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन।१३ तिमीहरूले अनन्त जीवन पाएका छौ भन्ने कुरा जान भन्ने हेतुले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरूलाई यो पत्र लेख्दैछु।", रोमी ८:१४-१७ "१४ ग्रीक होस् वा अरू असभ्य जाति, बुद्धिमान् होस् वा निर्बुद्धि, सबैको म ऋणी छु। १५ यसैले सकेसम्म तिमी रोममा हुनेहरूलाई पनि सुसमाचार प्रचार गर्न म उत्सुक छु। १६ किनकि सुसमाचारसँग म शर्माउँदिनँ। किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरूका निम्ति र अन्यजातिहरूका निम्ति पनि। १७ किनकि सुसमाचारमा परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको

छ, त्यो धार्मिकता जोचाहिँ सम्पूर्ण रूपले विश्वासद्वारा नै आउँछ। यस्तो लेखिएको छ, "धर्मीचाहिँ विश्वासद्वारा नै जिउनेछ।" र २ कोरन्थी ५:१-५ "१ किनभने हामी जान्दछौं, कि हामीले वास गरेको यो पार्थिव शरीर ढली गए तापनि स्वर्गमा अनन्तसम्म रहने परमेश्वरले दिनुभएको हाम्रो घर छ, जो हातले बनाइएको होइन। २ यहाँ वास्तवमा हामी व्याकुल बन्छौं, र स्वर्गीय डेरा धारण गर्ने उत्कट इच्छा गर्छौं, ३ किनभने त्यो धारण गरेर हामी नाङ्गा हुनेछैनौं। ४ किनकि यस डेरामा हुँदा चिन्ताले हामी सुस्केरा हाल्छौं। हामी नाङ्गा होऔं भनेर होइन, तर अझ बढ़ी वस्त्र धारण गरौं भनेर हो, ताकि जो मरणशील छ त्यो जीवनमा समावेश होस्। ५ अब हामीलाई यस कुराको निम्ति तयार पारिदिने परमेश्वर नै हुनुहुन्छ, जसले हामीलाई बैनाको रूपमा पवित्र आत्मा दिनुभएको छ।"

पापीहरूलाई येशूतिर खिँच्न लाउने व्यक्तित्व पवित्र आत्मा नै हुनुहुन्छ। त्यो किनभने हामीहरूको ठाउँमा येशू क्रुसमा मर्नुभयो। उहाँको मृत्युले हामीलाई परमेश्वरतिर फर्काइएको छ। अनि येशूको क्षमाशीलताले गर्दा हामी स्वतन्त्र हुन्छौं। अब हामी नयाँ जीवन बिताउन स्वतन्त्र छौं। परमेश्वरले हामीहरूलाई उहाँका छोराछोरीहरू भनेर स्वीकार गर्नुहुन्छ। अन्तमा हामी परमेश्वरका शत्रु वा उहाँको विद्रोह गर्ने पङ्क्तिबाट हामी हट्दछौं (रोमी ५:१०)। हामीलाई हामीहरूले वा अरू कसैले होइन बरू पवित्र आत्माले हामीलाई बसमा राख्नुहुन्छ (रोमी ८:४)। जब हामी पवित्र आत्माको मातहतमा हुन्छौं तब उहाँले के चाहनुहुन्छ त्यसप्रति हामी सोच्न थाल्दछौं (रोमी ८:५ रूपान्तरित)। हामीलाई पापको शक्तिले नियन्त्रण गर्दैन। बरू पवित्र आत्माले हामीहरूको जीवनलाई हाँक्नुहुन्छ। परमेश्वरको आत्मा हामीहरूको जीवन भित्र रहनुहुन्छ, जसको फलस्वरुप हामी येशू ख्रीष्टको हुन जान्छौं (रोमी ८:९)।

हामी परमेश्वरको सन्तान भएको हैशियतले उहाँले हामीलाई दिनुहुने सबै थोक हामीलाई दिनुहुन्छ। येशूले के पाउनुभएको छ त्यो हामीलाई बाँड्नुहुन्छ भनेर पवित्र आत्माले हामीलाई भन्नुहुन्छ (रोमी ८:१७)। पवित्र आत्माले येशूलाई मृत्युबाट बौरि उठाउनुभएको थियो। त्यही पवित्र आत्माले हामीलाई पनि जीवन दिनुहुन्छ (रोमी ८:१०)। वास्तविक रूपमा हामी परमेश्वरको हौं भनेर हामीहरूको हृदयमा पवित्र आत्माले बोल्नुभएर हामीलाई ढुक्क बनाउनुहुन्छ (एफिसी १:१३)। "हामी परमेश्वरका आफ्नै हो भनेर पवित्र आत्माले ठोकुवा गर्नुहुन्छ। कुनै दिन परमेश्वरले हामीहरूलाई दिने

भनेको प्रतिज्ञा हामीले पाउनेछौं भनेर अब विश्वस्त हुनसक्दछौं" (एफिसी १:१४ रूपान्तरित)। प्रत्येक येशूभक्तले परमेश्वरमाथि आस्था र भरोसा राख्न सक्छ (१ यूहन्ना ५:१२,१३)।

पवित्र आत्माले हामीलाई चिनो वा छाप लगाउनुभएको छ भन्नुको अर्थ के हो? हेर्नुहोस्, एफिसी १:१३,१४ "१३ तिमीहरू, जसले सत्यको वचन, अर्थात् आफ्नो मुक्तिको सुसमाचार सुन्यौ, र उहाँमा विश्वास गर्‍यौ, उहाँमा नै तिमीहरूलाई प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाइएको थियो। १४ परमेश्वरको आफ्नो सम्पत्ति, अर्थात् हामीहरूले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशंसाको निम्ति पवित्र आत्मा हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ।"

जो मानिसले येशू ख्रीष्टलाई ग्रहण गर्छ त्यो मानिसले पुनर्जन्म पाएको हुन्छ। जब हामी फेरि जन्मिन्छौं तब हामी पवित्र आत्माबाट जन्मेको हुन्छौं (यूहन्ना ३:५)। यो किनभने पवित्र आत्माले त्यो सत्यलाई हामीहरूको हृदयमा राखिदिनुभएको हुन्छ। हामीहरूले मुक्ति पाएका छौं भनेर विश्वस्त हुन उहाँले छाप वा चिनो लगाइदिएको हुन्छ। अनि हामी परमेश्वरको बालक वा बालिका हुन गएको आनन्दको अनुभव गर्न सक्छौं।

हामी येशू ख्रीष्टका हौं भनेर पवित्र आत्माले लाल मोहर लगाइ दिएको हुन्छः "कोही मानिस येशू ख्रीष्टको आत्मा छैन भने त्यो मानिस ख्रीष्टको होइन" (रोमी ८:९ रूपान्तरित)। त्यही छापले गर्दा हामी प्रिय परमेश्वर पिताका हौं भने थाहा पाउँछौं। त्यसले गर्दा अनन्त जीवनको प्रतिज्ञाको निम्ति पवित्र आत्मा बैना हुनुभएको छ। यो अनन्त जीवनचाहीं जब येशू ख्रीष्ट दोस्रो पल्ट आउनुहुन्छ त्यसबेला हामी पाउनेछौं (१ कोरन्थी १५:५१-५४)। हामीमा सत आस्था छ भन्ने छाप नै येशूको आगमनमा हामीले अनन्त जीवन पाउँछौं भन्ने बिश्वास हो। येशूभक्तहरूले मुक्ति पाएको छ भनेर विश्वास गर्नै पर्छ। यदि त्यस प्रतिज्ञामा विश्वास गरिएन भने येशूभक्तले प्रभावकारीरूपमा अरूलाई गवाही सुनाउन सक्दैन।

"साहसको बारेमा चर्चा गर्नुहोस्। आशा र विश्वासको बारेमा चर्चा गर्नुहोस्। अनि तपाईंहरू प्रभुको निम्ति चम्किन सक्नुहुनेछ। येशू ख्रीष्टले तपाईंको सामु खोलिराखेको ढोकालाई सोचिरहनुहोस्। कसैले पनि त्यो ढोका बन्द गर्न सक्दैन। सबै खराबका ढोकाहरू परमेश्वरले बन्द गरिदिनुहुनेछ। तर ढोका बन्द गर्ने अवसर तपाईंले उहाँलाई दिनैपर्छ। शत्रु बाढी जस्तो आउँछ। तर परमेश्वरको आत्माले त्यससँग लड्न तपाईंलाई उचालि

दिनुहुनेछ।"-एलेन जी ह्वाइट, द आडभेन्ट रिभ्यु आण्ड साबथ हेराल्ड, अप्रिल १६, १८८९बाट रूपान्तरित।

## ५. पवित्र आत्मा र आशा (१ कोरन्थी १३:१३)

देहायका पदहरूले प्रेम र आशा एक आपसम सम्बन्ध छ भनेर देखाएका छन्। हामीलाई प्रेम र आशा दिनमा पवित्र आत्माको भूमिका के हो? हेर्नुहोस्ः रोमी ५:१-५ "१ यसैकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ। २ उहाँद्वारा हामीले यस अनुग्रहमा विश्वासद्वारा प्रवेश पाएका छौं। यस अनुग्रहमा हामी खड़ा छौं, र परमेश्वरका महिमाको सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं। ३ यति मात्र होइन, तर हामी आफ्नो सङ्कष्टमा रमाउँछौं, यो जानेर कि सङ्कष्टले सहनशीलता उत्पन्न गराउँछ, ४ सहनशीलताले चरित्र, र चरित्रले आशा उत्पन्न गराउँछ। ५ आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।", रोमी १५:१३ "आशाका परमेश्वरले तिमीहरूलाई विश्वासद्वारा सम्पूर्ण आनन्द र शान्तिले भरिपूर्ण गरिदेऊन्, यस हेतुले कि पवित्र आत्माको शक्तिले तिमीहरू आशामा प्रशस्त हुन सक।" र १ कोरन्थी १३:१३ "अब विश्वास, आशा, प्रेम, यी तीन रहन्छन्, तर यिनमा सर्वोत्तमचाहिँ प्रेम नै हो।"

हामीहरूको हृदयमा परमेश्वरको प्रेम खन्याउने काम पवित्र आत्माको हो। उहाँले हामीलाई परमेश्वरसँग सम्पर्क गराउनुहुन्छ। परमेश्वरको प्रेम हामीमा रहन उहाँकै सक्रियतामा हुन्छ। र परमेश्वरको प्रेम अपरिवर्तनीय र सत्य छ। हामीहरूको आशाको कारण त्यही हो। प्रेम बिना त्यहाँ आशा हुँदैन। प्रेमले मात्र आशाको सृजना हुन्छ। परमेश्वरको प्रेम उहाँको विश्वासिलोपनासँग जोडिएको हुन्छ। त्यसकारण हामीमा अचम्मको आशा यो छ कि कुनै दिन उहाँ आउनुहुनेछ र उहाँ रहेको घरमा हामीलाई पनि लानुहुनेछ।

आशाले हामीलाई कस्तो प्रभाव पार्छ भनेर भजन ३१:२४ले कसरी बताउँछ? हेर्नुहोसः "हे परमप्रभुमा आशा राख्ने सबै जना हो, शक्तिशाली होओ, अनि ढाड़स गर।

आशाले हामीहरूको दिमागमा असल भावना र बिचारहरूले भरिदिन्छ। त्यसले गर्दा असल काम गर्ने चाहना हामीलाई गराउँछ। आशाले गर्दा हामीलाई नयाँ बल पनि पाउँछौं। आशाले नै हामीहरूको हृदयलाई

आनन्दित तुल्याउँछ र हृदयबाट गीतको घन्कार आउँछ। त्यसकारण हामीहरूको जीवनमा आशा अत्यन्त महत्त्वपूर्ण छ। आशा बिना हामीहरूको जीवनको लक्ष्य के हो र?

तर हामीहरूको तत्काल भविष्य असलै हुनेछ भनेर सोच्नु र परमेश्वरमा आशा राख्नु दुई फरक कुरो हो। कतिले भन्छन् कि संसारमा सबै कुरो असल हुँदै जानेछः मौसम, स्कुलका परिक्षाका नतिजा, तिनीहरूसँग हुने पैसा आदि। तर आशा अन्ध विश्वास होइन कि यस संसारको स्थिति सुधार्दै जानेछ र सबै थोक असलै हुनेछ। तर हामीहरूको आशा त्यसमाथि रहेको हुन्छ कि परमेश्वर विश्वासिलोपनामा हामीहरूको विश्वास। विगतमा परमेश्वरले दिनुभएका प्रतिज्ञाहरू उहाँले पूरा गरिछाड्नेछ भन्ने आशामा हामी झुण्डिरहेका हुन्छौं। परमेश्वर विश्वासिलो र सत्यवादी भएकै कारणले उहाँले जे गर्छु भन्नुभएको छ सो गर्नुहुन्छ भन्ने कुरामा ढुक्क हुनु नै आशाको जड हो। परमेश्वरमाथि हामी भरोसा राख्न सक्छौं भनेर हामीलाई उहाँले देखाउनुभएकै कारणले हामीहरूमा आशा पल्हाइरहेको हुन्छ। उहाँले आफ्नो मन परिवर्तन गर्नुहुन्न। त्यसकारण उहाँले के भन्नुहुन्छ त्यसमा हामी भरोसा राख्न सक्छौं। यही सत्य नै हामीहरूको आशाको कारण हो।

हामीहरूको आशाको कारण क्रुसमा चढ्नुभएको येशू हुनुहुन्छ। क्रुसमै हेरेर हामीहरूप्रति परमेश्वरको प्रेम कतिको शक्तिशाली र वास्तविक रहेछ भनेर हामीले निश्कर्ष निकाल्न सक्छौं। वास्तविक रूपमा परमेश्वर कस्तो हुनुहुन्छ भनेर हामीलाई र जगतको सामु देखाउने प्रमाण नै क्रुस हो। यसको बराबरीमा अरू कुनै पनि छैन। हामी पतित मानिसहरू हौं। हामी केवल छोटो समयको निम्तिमात्र बाँच्छौं। र हामी अथाह जगतमा एक झिनो थोप्लो जस्तै छौं। तैपनि हामीमा आशा हुनसक्छ। त्यो अनन्त जीवन दिने आशा हामीहरू आफैमा पल्हाउन सक्दैन। हामीले जतिसुकै महान् काम गरेतापनि त्यसमा अनन्त जीवनलाई अर्थमूलक बनाउने आशा हामीले उत्पादन गर्न सक्दैनौं। तर त्यो हामीहरूको परमेश्वरमा पाउन सक्छौं, जसले हामीलाई क्रुसमा देखाउनुभएको थियो।

येशूको आगमनको आशा परमेश्वरले दिनुभएको विश्वासीलो तथा भरपर्दो प्रतिज्ञाहरूमा कसरी जरा गाडिएको छ? आशाले हामीहरूको जीवनलाई कसरी असर पार्दछ? हामीहरूको जीवन पद्घति कसरी अपनाउने जसले गर्दा मानिसहरूलाई निराश होइन आशा देखाउँछ?

**उपसंहारः**

थप जानकारीः पवित्र आत्माले सबै थोक जे गर्नुहुन्छ त्यसको छोटो बिवरण यस प्रकारको छः पवित्र आत्मा परमेश्वर पिता र परमेश्वर पुत्रसँग तालमेल गरेर हामीलाई मुक्ति दिने काम गर्नुहुन्छ, हामीहरूको आत्मिक मृत्युबाट पवित्र आत्माले उठाउनुहुन्छ, हामीहरूमा भएको पापको बारेमा उहाँले सजग गराउनुहुन्छ, हामीहरू हराइएका पतित मानिस हौं भन्ने तथ्यलाई आँखा खोलेर उहाँले देखाउनु हुन्छ, हामीहरूमा परिवर्तन गर्ने चाहनालाई उहाँले नै भरिदिनुहुन्छ र हामीलाई येशू ख्रीष्टतिर अगुवाई गर्नुहुन्छ जसले मात्र हामीहरूको आत्माको आवश्यकतालाई पूरा गरिदिनुहुन्छ।

हामीले मुक्ति पाएका छौं भन्ने आशा पवित्र आत्माले हामीलाई दिनुहुन्छ। उहाँले जहिले पनि हामीलाई येशूतिर औंल्याउनुहुन्छ र उहाँले हाम्रो निम्ति के गर्नुभयो सो देखाउनुहुन्छ। येशू जस्तो हुन उहाँले हामीलाई सहायता गर्नुहुन्छ। परमेश्वरसँगको हिंडाइमा उहाँले हामीलाई विश्वासीलो बनाइ राख्नुहुन्छ। हामीहरूको जीवनमा परमेश्वरको योजना के हो सो गर्न पवित्र आत्माले सहयोग गर्नुहुन्छ। र परमेश्वरका कामदार हुन उहाँले हामीहरूलाई शक्ति दिनुहुन्छ।

पवित्र आत्माले मानिसहरूलाई बाइबल लेख्न सहयोग गर्नुभएको थियो। हामी येशूभक्तको निम्ति बाइबल अत्यन्त महत्त्वपूर्ण छ किनकि यो हामीहरूको सुरक्षित पथप्रदर्शक हो र हामीहरूको निम्ति आचारसंहिताको पुस्तक हो। यसले सत्य के हो सो देखाउँदछ।

त्यसकारण, पवित्र आत्माबिना हामी कहाँ हुनेछौं त? पवित्र आत्माबिना हामी के गर्नसक्छौं त? हामी कहाली लाग्दो र हराइरहेका हुनेछौं यदि पवित्र आत्मा भएन भने। परमेश्वरलाई दिने हामीहरूको आदर र महिमा बेकारको हुन्छ यदि पवित्र आत्मा भएन भने। प्रभु येशूलाई धन्यवाद होस् किनभने उहाँले पवित्र आत्मा पठाउने प्रतिज्ञा गर्नुभएको थियो र पठाउनु पनि भयो। "हामीलाई चाहिने परमेश्वर पितासँग येशूले माग्न सक्ने सब भन्दा ठूलो बरदान पवित्र आत्मा हुनुहुन्छ। उहाँका जनहरूलाई उचाल्न येशूले परमेश्वर पितासँग पवित्र आत्मा माग्नुभएको थियो।"-एलेन जी ह्वाइट, *यी श्याल रिसिभ पावर,* पृ. १३बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. देहायका केही प्रश्नहरूलाई जवाफ दिन केही समय ध्यान गर्नुहोस्ः पाप के हो? पवित्र हुनु भनेको के हो? हामीलाई विश्वास गर्छौं कि बाइबल परमेश्वरको वचन हो। त्यसले गर्दा पाप र पवित्रता के हो भनेर बुझ्ने आधार बाइबललाई विश्वास नगर्नेभन्दा किन भिन्न हुन्छ? पाप र पवित्रताको बारेमा जानकारी तिनीहरूको भन्दा हाम्रो किन फरक छ? अरू धर्म र तर्कले नसिकाएको पाप र पवित्रताको बारेमा ज्ञान बाइबलले कसरी सिकाउँछ?

आ. तपाईंको जीवनमा पवित्र आत्माको कुन काम थियो जुन तपाईंको निम्ति अत्यन्त मूल्यवान सावित भएको छ? त्यो किन महत्त्वपूर्ण हुन गएको छ? त्यसले तपाईंको जीवनमा कसरी परिवर्तन ल्याएको थियो?

इ. येशूमा भएको हामीहरूको आशाको बारेमा सोचबिचार गर्नुहोस्। त्यस आशाको कारण के हो? तपाईंमा भएको आशाको कारण के हो (१ पत्रुस ३:१५) भनेर कसैले सोध्यो भने तपाईंले कस्तो जवाफ दिनुहुनेछ र किन?

ई. येशूले हामीलाई मुक्ति दिनुहुन्छ भन्ने प्रतिज्ञाको चर्चा यस पुस्तकको अन्तिम अध्यायमा हामीले गर्‍यौं। यो आशा हुनुको कारण के हो? यदि त्यो आशा हामीमा छ भने किन भयो त? यो आशा हुनुको अर्थ के हो? हामीहरूको आफ्नै धर्मकर्म र असल काममाथि भरपरेर मुक्ति पाएको ढुक्क हुनु र येशूमा आशा राखेर ढुक्क हुनुमा के फरक छ?